# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड३९)काठमाडौं,माघ१९गते२०४६साल(पूर्वातिरिक्ताङ्क६०(क)


## भाग ४

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल अधिराज्यभित्र कार्नेटअन्तर्गत अस्थायी पैठारी भै आउने सवारी साधनहरू अधिराज्यभित्रै बिक्री गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा निम्नबमोजिमको प्रक्रिया निर्धारण गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. कार्नेटअन्तर्गत बस, मिनीबस खरिद गर्दा १५ वर्षभन्दा पुरानो खरिद बिक्री गर्न नपाउने ।

२. ट्रक खरिद गर्दा १५ वर्षभन्दा पुरानो खरिद गर्न नपाउने ।

३. मोटरकार, जीप, मोटरसाईकल पनि १५ वर्षभन्दा पुरानो खरिद बिक्री गर्न नपाउने ।

४. सवारी साधन खरिद तथा बिक्री गर्दा कार्नेटमा उल्लेखित म्याद ननाघेको हुनुपर्ने साथै सवारी साधन चालू हालतको हुनुपर्ने । बिग्रेको सवारी साधन खरिद गर्न बिक्री गर्न स्वीकृति दिइने छैन ।

५. खरिद बिक्री नगरी दानदातव्य गर्दा पनि दान दिने लिनेले उपरोक्त व्यवस्थाको अधीनमा रही दान दिने र लिने गर्नुपर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. यो सूचना प्रकाशित हुनु अघि बिक्री भैसकेको वा दानदातव्य भैसकेको सवारी साधनको सम्बन्धमा प्रचलित कानूनबमोजिम लाग्ने भन्सार महशूल र बिक्रीकर बुझाउने स्वीकृति दिने।

७. कार्नेटअन्तर्गत अस्थायी पैठारी भैआएको उक्त उल्लेखित सवारीका साधनहरू खरिद बिक्री गर्न कारवाहीको सिलसिलामा निवेदन परे तापनि स्वीकृति नपाएको कारणले म्याद गुज्रेकोलाई पनि उपरोक्त उल्लेख भएबमोजिम सुविधा दिने ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६७८